# CCS ELEVATE

## WEST BROAD ELEMENTARY

नवेम्बर २०२३ मा कलम्बस सिटी स्कूल्सले आफ्ना सुविधाहरूको स्तरवृद्धि गर्ने र तिनीहरूको पदचिह्न कम गर्ने वाचा गर्दै १०० मिलियन डलर ($१०० मिलियन) लेवी पारित गर्न कलम्बसका मतदाताहरूको अत्याधिक समर्थनकालागि धन्यवाद। यस लेवी सङ्कलनको लक्ष्य भनेको सबै विद्यार्थीहरूकालागि उच्च गुणस्तरको शिक्षा प्रदान गर्ने जिल्लाको मिशनलाई समर्थन गर्नु हो। बोर्ड नीति ७१०५ अनुसार, सुपरिटेन्डेन्टले फेब्रुअरी  २०२४ को शुरुमा डिस्ट्रक्टका सुविधाहरूको पुनर्संरचनाको मूल्याङ्कन गर्न सामुदायिक सुविधा कार्यदल गठन गर्यो। सो कार्यदल विविध पृष्ठभूमि र अनुभव भएका व्यक्तिहरूको बन्छ।

यस कार्यदलले मंगलबार, मेई ७ तारिकका दिन शिक्षा बोर्डलाई प्रारम्भिक सिफारिसहरू प्रस्तुत गऱ्यो। यी सिफारिसहरू भवनहरूमा ग्रेड ब्यान्डको मानकीकरण, शैक्षिक र अतिरिक्त क्रियाकलापहरूमा पहुँच बढाउन, परिवार र विद्यार्थीहरूलाई समान सेवाहरू प्रदान गर्न र पहिले करदाताहरूको लगानीलाई सम्मान गर्न केन्द्रित थिए। यसको लक्ष्य भनेको प्रारम्भिक सिफारिसहरूमा समुदायको दृष्टिकोणलाई अझ राम्रोसँग बुझ्नु र खुला सम्वादको माध्यमबाट सहयोग बढाउनु हो। यसले डिस्ट्रिक्टको मिशनसँग सुविधाहरूको मास्टर प्लानलाई पङ्क्तिबद्ध गर्न र कलम्बस सिटी स्कूल्सको बुझाइ बढाउन मद्दत गर्नेछ।







यस सुपरिटेन्डेन्टको सामुदायिक सुविधा टास्क फोर्स बोर्ड अफ एजुकेशनले **वेस्ट ब्रोड एलिमेन्ट्री स्कूल  (West Broad Elementary School)**  बन्द गर्न सिफारिस गर्छ र यो अब  वेस्ट गेट, हाईल्याण्ड र भ्यालीभ्यू एलिमेन्ट्री स्कूल समुदायको एउटा हिस्सा हुनेछन्।

**वेस्ट ब्रोड एलिमेन्ट्री स्कूल** (**West Broad Elementary School** (**१९१४ मा स्थापित)** स्कूलको ५५० विद्यार्थीहरूलाई सेवा दिने क्षमता छ; यद्यपि, २०२३-२०२४ स्कूल वर्षमा मात्र ३५९ जना विद्यार्थीहरू भर्ना भएका छन् जसको वर्तमान उपयोग दर ६२ % हुन आउँछ।

वेस्ट ब्रोड (West Broad) एलिमेन्ट्री स्कूल शहरको पश्चिम तर्फ अवस्थित छ। वेस्ट ब्रोड (West Broad) का विद्यार्थीहरूलाई वेस्ट गेट, हाईल्याण्ड र भ्यालीभ्यू एलिमेन्ट्री स्कूलहरूमा सार्दा आर्ट्स (कला), संगीत र शारीरिक शिक्षाकालागि पूर्ण-समय पढाउने शिक्षकहरू र अङ्ग्रेजी भाषा सिक्ने विद्यार्थीहरू र असक्षमता भएका विद्यार्थीहरूले थप सेवाहरूमा पहुँच पाउन अनुमति दिनेछ। यी विद्यार्थीहरूले आफ्नो घर नजिकमा रहेको स्कूलमा यी सेवाहरू प्राप्त गर्ने अवसर पाउनेछन्।

The Columbus City School District does not discriminate based upon sex, race, color, national origin, religion, age, disability, sexual orientation, gender identity/expression, ancestry, familial status or military status with regard to admission, access, treatment or employment. This policy is applicable in all district programs and activities.

COLUMBUS CITY SCHOOLS